# आर्थिक वर्ष २०७८/०७९ को

# नीति तथा कार्यक्रम

दिप्रुङ चुइचुम्मा गाउँपालिका

खोटाङ

१ नं. प्रदेश नेपाल

सभाध्यक्ष महोदय,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

विश्व समुदायलाई आक्रान्त बनाइ रहेको कारोना भाइरस(कोभिड-१९) को कारण जिवन गुमाएका नेपाली नागरिकहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै सबै संक्रमितहरु प्रति सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस संक्रमणका कारणसिर्जित असहज परिस्थितिबाट आफ्नो सेवा प्रवाह, समग्र शासन व्यवस्था र विकास निर्माणमा परेको असरलाई लेखा जोखा गर्दै संघीयता पछि जनप्रतिनिधीको रुपमा हाम्रो गाउँपालिकाको नवौं गाउँसभामा नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

यो समयमा मुलुकमा भएका जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलमा आफ्नो ज्यान आहुती दिनु हुने वीर शहीदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै स्वतन्त्रताका लागि आवाज बुलन्द गर्दा आफ्नो शरिरको महत्वपुर्ण अंग गुमाउनु हुने घाईते योद्धाहरु, देशलाई सार्वभौमसत्ता सम्पन्न बनाउन आजका दिन सम्म आफ्नो पसिना र जवानी नभनी अहोरात्र अग्रमोर्चामा उभिनु हुने सबै व्यक्तित्वहरुलाई यस वेला म सम्झदै उच्च सम्मान प्रकट गर्दछु ।

नेपाली राजनीतिमा पटक-पटकको जनआन्दोलनद्धारा स्थापित नेपालको संविधानले देशलाई लोकतान्त्रिक गणतन्त्रात्मक संघिय राज्य घोषणा गर्यो । नेपाली जनताको लामो बलिदानी पुर्ण संघर्ष पश्चात् प्राप्त संघियतालाई संस्थागत गर्नु हाम्रो कर्तव्य हो ।

सोही संविधानको जगमा उभिएर संघियता कार्यान्वयन गर्ने सन्दर्भमा २०७४ असार १४ गते हामी निर्वाचित भए पश्चात स्थानिय सरकार संचालन गरिरहेका छौ । यस स्वर्णिम घडिमा हामीले संघियतालाई कार्यन्वयन गर्ने सन्दर्भमा नेपालको संविधान भाग १८ को धारा २२६ अनुसार ऐन कानुन निर्माण गरि नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी हाम्रो सुन्दर दिप्रुङ चुईचुम्मा गाउँपालिकालाई समृद्ध गाउँपालिका निर्माण गर्न सुनौलो अवसर प्राप्त गरेका छौ ।

यही २०७८ साल बैशाख महिना देखि विश्वमा फैलिन सुरु भएको दोस्रो भेरियन्टको कोरोना भाईरस (Covid 19) को संक्रमणले हाम्रो नियमित रुपमा संचालन हुने शिक्षा, विकास निर्माणका क्रियाकलाप, यातायात जस्ता महत्वपुर्ण कुराहरु सञ्चालन हुन नपाउँदा हामीले विगत वर्षहरुमा प्रक्षेपण गरेका उपलब्धीहरु पुर्णरुपमा हासिल गर्न चुनौति भएको छ । तथापी हामी यी चुनौतिका विचमा पनि निरन्तर हाम्रो गाउँपालिकालाई कोरोना भाइरसको बाबजुत पनि सजगता अपनाउँदै विनियोजित सबै आयोजना सम्पन्न गर्दै समृद्ध गाउँपालिकाको आधार तयार गरिरहेका छौं ।

कोरोना भाईरसका कारण प्राथामिक्तामा पर्नु पर्ने विभिन्न आयोजनाहरुलाई पछाडि धकेल्दै नागरिकको स्वस्थ बाच्न पाउने अधिकारलाई स्थापित गर्दै कोरोना भाईरस रोकथाम तथा न्यूनीकरणमा विशेष ध्यान दिईरहेका छौ । यस संवेदनशिल घडिमा नागरिकलाई उच्च जोखिमबाट बचाउनु हामी निर्वाचित जनप्रतिनिधीको कर्तव्य हो ।

यसका लागी निरन्तर प्रयासरत जनप्रतिनिधी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्रशासनिक कर्मचारी, स्वास्थ्य स्वयमसेविका, राजनीतिक दल लगायत समग्र गाउँपालिका बासिको महत्वपुर्ण भूमिका रहेकोले यस महामारीमा खटिने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्रशासनिक कर्मचारी, स्वास्थ्य स्वयमसेविकाहरुको विमालाई निरन्तरता दिदै यस आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा सबैका प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । साथै यस आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट निर्माणमा सहोयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारी साथीहरु, विषयगत समिति वा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्णलाई हार्दिक धन्यवाद दिनचाहन्छु ।

नेपालको संविधानले दिएको अधिकारको प्रयोग गर्दै नागरिकको आवश्यकतापहिचान गर्नु हाम्रो नीति तथा कार्यक्रम तयारको प्रमुख आधार हो । हाम्रो यस आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमका प्रमुख प्रथामिक्ताका क्षेत्रहरुलाई विशिष्टकृत गरी प्रस्तुत गर्ने कोशिस गरेको छु ।

काभिड १९ को संक्रमणको असरलाई न्युनिकरण गर्दै जनजीवनलाई नियमित गर्नु, कोरोनाको असरबाट सिर्जित आवश्यकताको पहिचान गर्नु, दिप्रुङ चुइृचुम्मा गाउँपालिकालाई कोरोना प्रभाव रहित गाउँपालिका बनाउनु, स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि उत्पादन, र रोजगारी प्रर्वद्धन गर्नु, लक्षित वर्गहरुमा उच्चतम सेवा प्रवाह गर्नु जस्ता विषय यस आर्थिक वर्ष २०७८/०७९ को प्रमुख प्रथामिक्ताका क्षेत्रहरु रहेका छन् ।

नीति तथा कार्यक्रमका उद्देश्यहरु :-

- दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम अधुरा योजनाहरुलाई सम्पन्न गर्न तिर लक्षित हुनेछ ।
- यो आर्थिक वर्षलाई फिनिसिङ वर्षको रुपमा लिइएको छ ।
- आ.व. २०७४/०७५ मा शुरु गरिएका योजनाहरु यो वर्ष प्राय सबै सम्पन्न गरिनेछ ।

सभाध्यक्ष महोदय,
अव म यस दिप्रुङ चुईचुम्मा गाउँपालिकाको हाल सम्म भएको प्रगति, आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छु ।

# सम्पन्न भएका प्रगति तथा मुख्य कार्यहरु

| | |
|---|---|
| भौतिक पूर्वाधार | • गाउँपालिकाको प्रशासकीय भवन (लागत रकमभ्याट सहित रु ५,६०,१०,५४५।२) -यही आ.व.मा सम्पन्न हुने ।<br>• बाटोफेदी मोटरेवल पक्की पुल(लागत रकम भ्याट सहित रु ३,६४,६१,८१९।४९) -यही आ.व.मा सम्पन्न हुने ।<br>• सबै वडा कार्यालयमा सडक पुऱ्याइएको छ ।<br>• पञ्चमी कृषि बजारको ट्रष्ट बनाउने काम डि.पि.आर. अनुसार काम सम्पन्न भएको छ ।<br>• सबै समयमा सवारी साधन आवात जावत गर्न सक्ने सडक निर्माण गरिएको छ ।<br>• सबै वडामा मापदण्ड अनुसार खेल कुद मैदान निर्माण सम्पन्न गरिएको छ ।<br>• पालिकास्तरिय महिला भवन सहित सबै वडामा महिला भवन निर्माण सम्पन्न भएको छ । |
| पर्यटन तथा संस्कृति | • प्याराग्लाइडिङको परीक्षण उडान सम्पन्न भई व्यवसायिक उडानको लागि तयारी गरिदै छ ।<br>• धिप्लुङ भरना पर्यटकीय विकास आयोजनालाई पूर्ण रुपमा सम्पन्न गर्न पर्यटन मन्त्रालय सँगको साझेदारीमा रु ५,०६,३६,८६९।५९ को बोलपत्र आह्वान गरिएको छ । |
| शिक्षा | • विद्यार्थी संख्या कम भएको विद्यालय मर्ज गरिएको छ ।<br>• शिक्षक दरबन्दी मिलान सम्पन्न भएको छ ।<br>• शिक्षक दरबन्दी व्यवस्थापन गरिएको छ ।<br>• नमुना विद्यालयको शुरुवात गरिएको छ ।<br>• पञ्चकौशिका प्रा.वि.लाई मा.वि.मा स्तरोन्नती गरिएको छ ।<br>• सबै प्रस्तावित मा.वि.हरुलाई स्वीकृत मा.वि. बनाइएको छ ।<br>• बा.वि.के. शिक्षकहरुको दरबन्दी सिर्जना गरिएको छ । |
| कृषि तथा पशु विकास | • सबै वडाहरुमा आवश्यक कृषि र भेटनरी कर्मचारी कर्मचारी नियुक्ति गरिएको छ ।<br>• स्वीस हेल्भिटाससँग को सहकार्यमा कृषि औजार उपकरण वितरण सम्पन्न भएको छ । |

| | |
|---|---|
| खानेपानी | • भण्डारेघाटमा पम्पीङ खा.पा. सम्पन्न गरिनेछ ।<br>• मिटर जिडित खानेपानी वडा नं. १ याम्खामा संचालन गरिएको छ । |
| जेष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति | • प्रत्येक वडाका जेष्ठ महिला र जेष्ठ पुरुषलाई सम्मानित गरिएको छ ।<br>• जेष्ठ नागरिक निःशुल्क यातायात प्रभावकारी रुपमा लागू गरिएको छ ।<br>• फरक क्षमता भएका व्यक्तिहरुका लागि मुढा र सिन्के धुप बनाउने तालिम प्रदान गरिएको छ । |
| स्वास्थ्य तथा सरसफाई | • सात वटै वडामा बर्थिङ सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।<br>• आधारतभूत सामुदायिक स्वास्थ्य केन्द्र ४ वटा स्थापना गरी सेवा दिन थालिएको छ ।<br>• शिशु पोषण प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी बनाइएको छ ।<br>• स्कूल नर्स कार्यक्रम लागू गरिएको छ ।<br>• एम.वि.वि.एस डाक्टर र ल्याव सहितको कोभिड अस्थायी अस्पताल स्थापना गरिएको छ । |
| खेलकुद | • ७ वटै वडाहरुमा मापदण्ड अनुसारको खेल मैदान निर्माण गरिएको छ । |
| कानुन तथा न्याय सम्पादन | • हाल सम्म २१ वटा ऐन, ९ वटा नियमावली, १६ वटा कार्यविधि, २ वटा निर्देशिका र १ वटा मापदण्ड गरी जम्मा ४९ वटा कानुनहरु निर्माण भइ सकेका छन् । |

# दिप्रुङ चुइचुम्मा गाउँपालिकाको नीति तथा कार्यक्रम

## २०७८/०७९ खोटाङ

| | |
|---|---|
| स्वास्थ्यतथा सरसफाई | • गाउँपालिका स्वास्थ्य सेवा ऐनलाई प्रभावकारी रुपमा लागु गरीने छ ।<br>• सञ्चालनमा रहेको स्वास्थ्य प्रयोगशाला(ल्याब) लाई अझ प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।<br>• आफ्नौ स्रोत साधनलाई उपयोग गर्दै आवश्यक स्थानहरुमा स्वास्थ्य ईकाई स्थापनालाई अझ जोड दिई मजवुद बनाउँदै लगिने छ ।<br>• प्रत्येक वडाको स्वास्थ्य संस्थामा एक्स-रे मेसिन व्यवस्था गर्दै लगिने छ ।<br>• दिर्घ रोगीहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै प्रत्येक महिना टोल टोलमा स्वास्थ्य विशेषज्ञ सेवा सञ्चालनमा ल्याइने छ ।<br>• वार्ड अल्ट्रासाउन्ड सेवा सञ्चालनमा ल्याइने नीति लिइनेछ ।<br>• गाउँपालिकाभित्र जर्जर अवस्थामा रहेको महिलाहरुको आङ खस्ने समस्यालाई ध्यानमा राख्दै चिकित्सकको सल्लाह अनुसार दक्ष तथा सुविधा सम्पन्न हस्पितलमा लगि उपचार गराउने नीति लिइनेछ ।<br>• विश्वमा महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको दोस्रो भेरियन्ट ( Covid-19) रोकथाम तथा नियन्त्रणका लागि आवश्यकीय परीक्षणको दायरालाई बढाएर लगिनेछ ।<br>• कोभिड १९ को कारण सिर्जित परिस्थितकिो नकारात्मक असरको लेखाजोखा गरी सेवा प्रवाह, विकास निर्माणमा आवश्यक कार्यविधि बनाई कार्यान्वयनमा लगिने छ ।<br>• गाउँपालिका भित्र रहेका बर्थिङ सेन्टरबाट गर्भवती महिलालाई अप्रेशनका लागि रेफर भएमा गाउँपालिका बाटजुनसुकै अस्पताल लैजानु परेमा पालिकाको एम्बुलेन्सले तोकिएको नि:शुल्क एकतर्फी भाडादरलाई निरन्तरता दिइने छ ।<br>• ७० बर्ष माथिका बृद्ध बृद्धाहरुलाई घरमै स्वास्थ्य जाँच गर्न घर घरमा स्वास्थ्यकर्मी परिचालन अभियान प्रभावकारी बनाउँदै लगिने छ ।<br>• निशुल्क स्वास्थ्य सेवा पुर्‍याउदै आउनु भएका स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक प्रोत्साहन भत्ताको रुपमा रु ७०० प्रदान गरीदै आएकोमा यसलाई निरन्तरता दिईने छ । |

| | |
|---|---|
| | • “स्वस्थ बालक समृद्धिको अधार” भन्ने नाराका साथ हरेक घरका गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिमको व्यवस्था मिलाईने छ ।<br>• कोरोना भाईरस रोकथामका लागि निरन्तर खटिरहेका जनप्रतिनिधि, स्वास्थ्य कर्मी, सुरक्षा कर्मी लगाएतको विमा गर्ने व्यावस्था मिलाउदै सम्पुर्ण नागरीकको स्वास्थ्य विमा कार्यक्रम सञ्चालनमा जोड दिईने नीतिलाई निरन्तरता छ ।<br>• वार्षिक रुपमा १ पटक गाउपालिकाले विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।<br>• बढ्दो अवस्थामा रहेको कोरोना भाईरस न्युनिकरणका लागि स्वास्थ्यकर्मी, समाजसेवी, गैर सरकारी संघ संस्था, बाल क्लब, आमा समुह, शिक्षकलाई परिचालित गरिने छ ।<br>• स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरेर परम्परागत स्वास्थ्य सुविधा विस्तारमा जोड दिईने छ ।<br>• प्रत्येक व्यक्तिले वर्षमा एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमै स्वास्थ्योपचार गराउन सहजिकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।<br>• प्रत्येक शिसुहरुलाई भविष्यमा स्वस्थ जिबन बाच्न सकुन भन्ने उद्देश्यले शिसु जन्मेको २ बर्ष सम्म शिसु पोषण प्रर्बद्धन कार्यक्रमलाई निरन्तरता दिईने छ । यो एक दम्पतीकोअधिकतम दुईगर्भधानबाट जन्मीएका शिसुहरुलाई मात्र लागु हुने छ ।<br>• गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गर्नको लागि २४ घण्टे प्रसुती सेवा सञ्चालनमा रहेका स्वास्थ्य चौकीको ब्यवस्थापन क्षमता अभिवृद्धि गरिने छ ।<br>• गर्भवती महिला भएको घरमा संकेत चिन्ह प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ । |
| कृषि तथा पशु विकास | • कृषि ऐनलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।<br>• निर्वाहमुखि कृषिलाई दिगो एवं व्यवसायीक प्रणालीमा रुपान्तरण गरी यन्त्रीकरणको विकास गरिने छ ।<br>• निर्धारित पकेट क्षेत्रबाट उत्पादित कृषि उपज वस्तुहरु जस्तै( आलु, लिची सुन्तला, कागती) आदि उत्पादित सामाग्रीहरुलाई बजारको ग्यारेण्टि गरिनेछ । |

| | |
|---|---|
| | र स्थानिय बजारमा बिक्रि हुन नसकेको वस्तुहरुबाहिरि बजारमा निर्यात गाउँपालिकाको तर्फबाट गरी प्राप्त नाफाको २० प्रतिशत कृषकलाई दिने व्यवस्था मिलाइनेछ ।<br>• हरेक नागरिकको स्वास्थ्यमा जोड दिदै सन्तुलित आहारका निम्ति एक घर एक करेसाबारी निर्माण कार्यक्रम लागू गरिनेछ ।<br>• कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था मिलाईने छ ।<br>• गाउँपालिका भित्र उत्पादन हुने चिया, टिम्मुर, अम्लीसो आदि उत्पादन हुने भु-भागलाई खेतिमा परिणत गरिने छ ।<br>• कृषिमा आधारित उद्योगहरुको विकासका लागि युवा लक्षित कार्यक्रम सञ्चालन गरी उद्यमीहरुलाई आकर्षक गर्ने नीतिलाई निरन्तरता दिइने छ ।<br>• गाउँपालिकाको प्रमुख आम्दानीको स्रोत कृषि भएकाले कृषिमा आधारित उद्योगहरुको विकासका लागि यूवा लक्षित कार्यक्रम सञ्चालन गरी उद्यमीहरुलाई आकर्षित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।<br>• कृषि पेशालाई मर्यादित बनाउन कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ, यस मार्फत कृषकहरुलाई पुरस्कृत गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय कृषि मेलामा सहभागिता, अवलोकन भ्रमण तथा कृषकका उत्पादनको ब्राण्डिङ गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।<br>• कृषि उद्यममा आधारित समूह, लक्षित समूह, सहकारी, निजी व्यवसायीहरुलाई ब्यवसायीक योजनाहरुको प्रतिस्पर्धा गराई अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ ।<br>• वैदेशिक रोजगारीबाट फर्केका र स्वदेशमा रहेका यूवाहरुको पहिचान गरि यूवाहरुलाई ब्यवसायीक कृषि तथा पशुपालन सम्वन्धी उद्यमशीलता तथा सिपमूलक तालिम सञ्चालन गर्ने नीति लिइने छ ।<br>• कृषकहरुको घरदैलोमा आधुनिक कृषि प्रविधि पुऱ्याउन हरेक वडामा कृषि प्राविधिकको ब्यवस्थापन गरी सकिएकाले अगुवा कृषकहरुका लागि कृषक पाठशाला सञ्चालन गरिने छ ।<br>• बाख्रापालन,कुखुरा पालन लगायत अन्य पशुपालन ब्यवसायको आधुनिकीकरण र व्यवसायीकरण गरिने छ ।<br>• स्थानीय उन्नत जातको विऊविजन जोगाउन कृषि सहकारी संस्था मार्फत विऊविजन वैंक सञ्चालनमा ल्याइनेछ ।<br>• गाउँपालिकामा एक वटा कोल्डस्टोरको स्थापना गरि संञ्चालन गरिने छ । |

| | |
|---|---|
| | |
| शिक्षा | • कोरोना भाईरसका कारण लामो समय सम्म विधालयहरु सञ्चालन हुन नपाएकोले आगामी दिनमा प्रविधिको उच्चतम प्रयोग गर्दै विकल्पको रुपमा समय सापेक्ष प्रविधिमैत्री शिक्षामा जोड दिइनेछ ।<br>• भौगोलिक विकतालाई ध्यानमा राख्दै आवश्यकीय विद्यालयमा छात्रावासको व्यवस्था मिलाइनेछ ।<br>• स्कुल नर्स कार्यक्रमलाई निरन्तरता दिईने छ ।<br>• उत्कृष्ट शिक्षक, विद्यार्थी, वि.व्या.स. अध्याक्ष, प्र.अ. पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईने छ ।<br>• गाउँपालिकाले गत आ.व.मा वितरण गरेको दरबन्दिलाई यथावत कायम गर्दै आवश्यक्ता अनुसार दरबन्दी सिर्जना गर्दै जाने छ ।<br>• कम्प्युटर शिक्षकको मासिक तलबमा ३०%ले बृद्धि गरिनेछ ।<br>• गाउँपालिका अनुदान वा.वि.के शिक्षकको तलब ……प्रतिशतले बृद्धि गरी ८ हजार पऱ्याइनेछ ।<br>• गाउँपालिकामा एक प्राविधिक शिक्षालय स्थापना गर्ने नीति लिईने छ ।<br>• माध्यमिक तह सम्मका ईहाजिरीलाई व्यवस्थित गर्दै अन्य तहमा ईहाजिरीको व्यवस्था गर्दै लगिने छ । |
| भौतिक पुर्वाधार | • गाउँपाकिमा रहेको समपुरक कोषलाई निरन्तरता दिइनेछ ।<br>• साप्सु खोलामा निर्माण मोटरेवल पक्की पुललाई यसै आर्थिक वर्ष भित्र औपचारिक रुपमा सञ्चालनमा ल्याइने छ ।<br>• गाउँपालिकाको निर्माणाधिन पक्की भवन यसै आर्थिक वर्षमा सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।<br>• रमाइलो-मुलाबारी-पाहारपानी-पञ्चमी हुँदै गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई संघीय र प्रदेश सरकार सँग समन्वय गरी यही वर्ष देखि कालोपत्रे गर्न बोलपत्र खोलिनेछ ।<br>• दि.चु.गा.पा. १ याम्खा देखि खानीडाँडा विमानस्थल जोड्ने सडकलाई संघीय सरकार सँगको समन्वयमा यसै वर्ष देखि कालोपत्रे गर्न शुरुवात गरिनेछ ।<br>• गाउँपालिका हुँदै पञ्चमी रेग्मीटार सडकलाई बाह्रै महिना सञ्चालनमा ल्याइने छ । जसको लागि गाउँपालिका, प्रदेश सरकार, संघीय सरकार माथिल्लो निकाय सँग पहल गरिनेछ ।<br>• गाउँपालिका भित्रका सडक ट्रयाकलाई सोलिङ, ग्राभेलिङ गरी स्तरोन्नतीमा |

| | |
|---|---|
| | ध्यान दिइनेछ र अति आवश्यक स्थानमा मात्र ट्र्याक खोल्ने कार्य अगाडि बढाईने छ ।<br>• गाउँपालिकाको प्रमुख केन्द्रमा रहेको पञ्चमी बजारलाई डि.पि.आर प्रतिवेदन अनुसार व्यवस्थित गर्दै लगिनेछ ।<br>• डि.पि.आर प्रतिवेदन तयार भएका योजनाहरुको निर्माण कार्यका लागि आवश्यक बजेट तर्जुमा गर्दै लगिने छ ।<br>• खेतीयोग्य जमीनमा सिंचाई सुविधा पुर्‍याउन कुलोहरुको निर्माण र हिउँदे पोखरीहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।<br>• छिमेकी गाउँपालिकाहरु सँग समन्वय गर्नुपर्ने विकास आयोजनाहरुको बिषयमा समन्वय मार्फतआधार तयार गरिने छ । |
| पर्यटन तथा संस्कृति | • गाउँपालिका क्षेत्रमा प्रमुख पर्यटकीय स्थलहरुको प्रोफाइल तयार गरिने छ ।<br>• संस्कृति तथा पर्यटन विकासको लागी गाँउपालकिाले आवश्यकता अनुसार पर्यटन महोत्सव, होटेल व्यवस्थापन, होमेस्टे स्थापना नयाँ पर्यटन स्थलको पहिचान गरि यस्ता पर्यटकिय विकासका लागि कार्य गर्ने नीजि क्षेत्र एन.जि.ओ , आई.एन.जि.ओ., प्रदेश सरकार र संघीय सरकार संग सहकार्य गरि कार्यक्रमलाई अगाढी दढाउने नीति लिइने छ ।<br>• निर्माणाधिन धिप्लुङ झरनाकोकार्यलाई तिब्रता दिदै निर्धारित समयमा नै सम्पन्न गर्न व्यवस्था मिलाइनेछ ।<br>• ऐतिहासिक तथा सांस्कृतिक स्थलहरुको खोजी गरी संरक्षणमा जोड दिइनेछ ।<br>• राम्चे भ्युटावरको सौन्दर्यकरणकोकायर्मा तिब्रता दिइनेछ ।<br>• साहसिक पर्यटनको विकास गर्नका लागी भुर्चुङमा डाँडाबाट भण्डारेघाटमा प्याराग्लाइडिङ यसै बर्ष भित्र व्यवसायिक रुपमा उडान शुरु गरिने छ ।<br>• धार्मिक, ऐतिहासिक स्थल र पुरातात्विक सामाग्रीहरुको खोजी गरी प्रवर्द्धन गर्दै लगिनेछ ।<br>• ऐतिहासिक स्थल रोभोलाई संरक्षण गर्दै राम्चे भ्यू-टावर सम्म जोडी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।<br>• सम्पूर्ण जातजातीको जातिगत अवस्था(भाषा, धर्म, परम्परा, चाडपर्व, सिप, कला, भेषभुषा, संस्कार, संस्कृति आदि) समग्र संस्कृतिको पहिचान गरी स्वरोजगार आय आर्जन सँग जोडेर पालिकालाई समृद्ध बनाउन “हामी दिप्रुङ चुइचुम्माली, ल्याउँछौ समृद्धि अनि खुशियाली” भन्ने नाराको आधार तय गर्ने नीति लिइनेछ ।<br>• पालिकाको बृहत सांस्कृतिक अध्ययन गरी गाउँपालिकाको बृहत सांस्कृतिक |

| | |
|---|---|
| | अध्ययन नामक ऐतिहासिक एवम् प्राज्ञिक ग्रन्थ प्रकाशन गरिनेछ । यसले आगामी वर्षहरुमा पालिकाको संस्कृति र ईतिहासको आधार तय गर्नेछ । |
| सुशासन, पारदर्शिता र जवाफदेहिता | • गाउँपालिकाको दिर्घकालीन विकासका लागि स्वीकृत आवधिक योजना तथा परिवर्तित योजनाहरुलाई आवश्यकताको आधारमा प्राथमिकीकरण गरी अध्यावधिक गरिने छ ।<br>• सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउदै लगिने छ ।<br>• योजना अनुगमन कार्य चुस्त दुरुस्त छिटो छरितो र पारदर्शितालाई निरन्तरता दिदै योजनाको अनुगमन कार्यलाई अझ विश्वासनिय बनाईदै लगिने छ ।<br>• गाउँपालिकाबाट कार्यन्वयन गरिने हरेक आयोजनाहरु समान सहभागिता, समावेशिता, समानुपातिक प्रतिनिधित्वमा सञ्चालन गरिने छ ।<br>• गाउँपालिकाबाट सञ्चालन हुने प्रत्येक आयोजनाको सार्वजनिक सुनुवाई गरिने छ ।<br>• प्रशासनिक संरचना र कार्यलाई मितव्यायी बनाउन अनुत्पादक खर्चहरु कटौतिगर्ने नीति अवलम्बन गरिने छ ।<br>• गाँउपालिकाले संचालन गरेको पुँजीगत तथा चालु वजेटलाई अझ वढि पारदर्शि, मितव्ययी ,उत्तरदायी र नियमित वनाई लेखा व्यवस्थापनलाई व्यस्थित गर्दै आगामी वर्षहरुमा सबै प्रकारका बेरुजु रहित गाउँपालिकाको रुपमा स्थापित गर्ने नीति लिइने छ । यसका लागि गाउँपालिका कार्य क्षेत्र भित्र कार्यरत कर्मचारीहरुलाई उचित मात्रामा व्यवस्था गरिएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।<br>• भ्रष्टाचारमा शून्य सहनसिलताको नीति लागु गरीने छ ।<br>• गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तराीष्ट्रय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ ।<br>• NGO/INGOबाट संचालन गर्ने कार्यक्रमलाई गाउँसभामा अनिवार्य रुपमा पेश गरी गाँउपालिकाको वार्षिक कार्यक्रम र वजेटको रुपमा मुलप्रवाहीकरण गरिनेछ ।<br>• विकास निमार्ण उपभोक्ता समितिहरुलाई अभिमुखीकरण तालिम दिने व्यवस्थालाई निरन्तरता दिइने छ ।<br>• प्रत्येक आयोजनाको होडिङबोर्ड अनिवार्य राख्ने व्यवस्था मिलाईने छ ।<br>• रक्सी, जाँड, जुवातास जस्ता कुलतबाट गाउँपालिकालाई मुक्त गराउन टोल-टोलमा आमा समुहहरुलाई परिचालन गर्ने नीति लिईने छ । |

| | |
|---|---|
| वन तथा बाताबरण | • गाउँपालिका क्षेत्र भित्रका सवैखाले वन क्षेत्र (संरक्षण क्षेत्र, सामुदायीक वन, कबुलियती वन, निजी वन, धार्मिक वन) को व्यवस्थापन सुधारमा नीति नियमहरु तर्जुमा गर्ने र व्यवस्थापन योजना परिमार्जन गरि कार्यान्वयन गर्न प्राथमिकता दिइने छ ।<br>• जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकुलन, जलउत्पन्न प्रकोप तथा विपद जोखिम न्यूनीकरण र एकिकृत जलाधार क्षेत्रको व्यवस्थापन योजना तर्जुमा गरि प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।<br>• गाउँपालिका भित्रबाट निकासी हुने कुकाठहरु गाउँपालिकाले तोकेको राजस्व पालिकामा जम्मा भएपछि मात्र निकासी गर्ने व्यवस्था मिलाईने छ ।<br>• गाउँपालिका भित्र रहेका वन पैदावारको सहज आपूर्ति प्रवाह मार्फत निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण, जडिबुटी खेती बिस्तार गरि रोजगारी र जिविकोपार्जनमा सुधार ल्याइने छ ।<br>• वन व्यवस्थापन कार्यलाई उद्योगको रुपमा विकास गर्न वन तथा वन पैदावारमा आधारित हरित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरि एक सामुदायीक वनमा एक हरित उद्यमी समूह गठन अभियान चलाइने छ ।<br>• पर्यटनको प्रवर्द्धन गर्न यस गाऊँपालिका र अन्य स्थानीय तहहरु विच समन्वय र सहकार्यमा वन उद्यान, वनस्पति उद्यान र प्राणी उद्यान स्थापनाका सम्भाव्यता अध्ययन सहित गुरुयोजना निर्माण गरिने छ ।<br>• वनलाई उत्पादन संग जोडीने छ उपयोग विहिन वोटविरुवालाई हटाउदै जिवन उपयोगी वोटविरुवा (जस्तै-ओखर,हर्रो,बर्रो, चिराइतो,रिठ्ठा) लगाउने नीति लागू गरिने छ ।<br>• सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।<br>• पहिरो तथा भुक्षयग्रस्त क्षेत्रहरुमा वाँसका विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहीन किसानहरुलाई जिम्मा दिइनेछ । |
| खेलकुद | • गाउँपालिका स्तरिय खेलकुद मैदानको स्तरोन्ती गर्दै गाउँपालिकाले बार्षिक रुपमा आयोजना गरिने पुरुष तथा महिला खेलकुद प्रतियोगितालाई निरन्तरता दिईने छ ।<br>• महिला खेलाडि उत्पादन तथा प्रोत्साहन गर्नका लागि गाउँपालिका भित्र रहेका आधारभुत तथा माध्यमिक विधालयहरुमा खेलकुद सामग्री वितरण |

| | |
|---|---|
| | गरिने छ । |
| राजस्व परिचालन | • गाउँपालिकाको राजश्व सुधार कार्ययोजनालाई कार्यन्वयनमा लगिने छ ।<br>• गाउँपालिकाको राजस्व कार्ययोजनालाई कार्यन्वयन गर्दै सफ्टवेयर प्रणालीमा लगिने छ । जसको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।<br>• मुख्य राजश्वका स्रोतहरुः सम्पत्ती कर, घरनक्सा पास तथा अभिलेख दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मूल्यांकन शुल्क, निवेदन दस्तुर को निर्धारण गरी सफ्टवेयर प्रणालीबाट असुली गर्ने व्यवस्था मिलाइनेछ ।<br>• आम जनतालाई कर तथा राजश्व शिक्षाको वारेमा जनचेतना विस्तार गरिनेछ ।सो को लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।<br>• राजस्व संकलन सम्बन्धी घुम्ती  शिविर सञ्चालन गरिने छ ।<br>• नियमित रुपमा कर तिर्ने करदातालाई कर छुट वा प्रोत्साहन दिने व्यवस्था मिलाईने छ, भने नियमित रुपमा कर नतिर्ने करदातालाई हर्जनाको नीति अवलम्बन गरिने छ ।<br>• प्रक्षेपण गरिएको राजस्व शतप्रतिशत संकलन गर्ने नीति लिईने छ । लक्ष्य अनुरुप राजस्व संकलन भए नभएको जानकारी लिन राजस्व परामर्श समितिले हरेक तीन महिनामा नियमित बैठक मार्फत प्रगति विबरण तयार गर्ने छ । |
| संस्थागत विकास | • एकिकृत तथ्यांक ब्यवस्थापन प्रणाली सुरुवात गर्ने पारिवारिक विवरण (Family Folder)स्थापना गर्ने, सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक हुने व्यवस्था लागु गरिनेछ ।<br>• ठूला पूर्वाधारका आयोजनाहरुमा आम उपभोक्ताहरुको गुणस्तर कायम गर्न र समयमा कार्य सक्न सर्वदलीय अनुगमन समितिको गठन गरिनेछ ।<br>• गाउँपालिकावाट संचालन हुने योजना सकेसम्म ठुला निर्माण गरी साना योजना सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गरिदै लगिने छ । |
| उद्योग | • गाउँपालिका भित्र एउटा फलफूल प्रशोधन उद्योग स्थापना गरिनेछ ।<br>• साना तथा मझौला उद्योगहरुको स्थापना गरी रोजगारीको सृजना गर्न प्रोत्साहन गरिने छ ।<br>• जडिबुटि प्रसोधन उद्योग, खाडि उद्योग, तथा कुटानी पिसानी मिललाई साना उद्योगको रुपमा विकास गरि दर्ता गराई सञ्चालनमा लगिने छ । |
| महिला तथा बालबालिका | • “हामी दिप्रङ चुइचुम्माली, ल्याउछौं समृद्धि अनि खुशीयाली” भन्ने नारालाई आत्मासात गर्दै “समृद्धिको पहिलो आधार शिक्षा र मानिसको पहिलो गुरु आमा” भएकोले गाउँपालिकाभित्र बसोबास गर्ने सबै नागरिक शिक्षित |

| | |
|---|---|
| | हुनुपर्छ भन्ने अवधारणा अन्तर्गत पहिलो चरणमा गाउँपालिका भित्रका कक्षा ११ र १२ अध्ययनरत र अध्ययन गर्न चाहने बुहारीहरुलाई निःशुल्क शिक्षाको अवसर जुटाउने नीति लिइनेछ ।<br>• किशोरावस्थामा उच्च संवेगात्मक आवेगको निर्णयले समाजमा पार्ने असरप्रति सजगता अपनाउदै गाउँपालिकाले किशोर किशोरी लक्षित प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।<br>• टोल-टोलमा छरिएर रहेका आमा समुहहरुलाई सहकारी दर्ता गरी संस्थागत रुपमा सञ्चालन गर्न प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिइने छ ।<br>• उद्यमशिलता विकासका लागि महिलाहरुलाई व्यवसायिक र आय मुलक कार्यक्रम ढाका बुनाई, अल्लो बुनाइ सिलाई कटाई,कृषि उपज, घरेलु उद्योग सम्बन्धी तालिम सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।<br>• गाउँपालिका भित्रका उच्च जोखिममा परेका गर्भवती महिलाहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै त्यस्ता महिलाहरुको उद्धारका लागि गाउँपालिकामा **"गाउँपालिका सुरक्षित मातृत्व कोष"** खडा गरिनेछ । जसको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।<br>• महिला, बालबालिका र फरक क्षमताका व्याक्तिप्रति गरिने हिंसा न्युनिकरण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दैजनचेतना मुलक होडिङ बोर्डहरु राख्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>• एकल तथा विपन्न महिला जीवीकोपार्जन कार्यक्रमलाई निरन्तरता दिईने छ ।<br>• महिला, दलित, अपाङगलाई करार सेवामा आरक्षण कोटाको व्यवस्था गरिने छ ।<br>• हरेक विकास आयोजनामा महिलाको समान सहभागिता गराईने छ ।<br>• बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि २०७६ कार्यन्वयन गरिने छ । जसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।<br>• बाल क्लव गठन अभियान सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।<br>• १८ वर्ष मुनिका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ । जसको लागि आवश्यकीय बजेटको व्यवस्था गरिनेछ ।<br>• त्यसको लागि गाउँपालिका स्तरीय बालकोष स्थापना गरिनेछ ।<br>• बाल अधिकार सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।<br>• विपन्न, दलित, अपाङग, तथा फरक क्षमता भएको बालबालिकाको |

| | |
|---|---|
| | पहिचान गरि आवश्यक शैक्षिक सामग्री वितरण गर्ने नीति लिईने छ। |
| युवा तथा रोजगारी | • युवाहरुलाई व्यवसायतर्फ प्रोत्साहन गर्दै व्यवसायिक युवाहरुका लागि पूर्वाधार, औषधी तथा विषादी जस्ता प्राविधिक सहयोग गाउँपालिकाको तर्फबाट गरिने छ।<br>• बेरोजगार युवाहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरिने छ।<br>• विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका युवाहरुमा रहेको सीपलाई रोजगार सुचना केन्द्रमा अद्यावधिक गरि रोजगारीको व्यवस्था मिलाईने छ।<br>• पुर्वाधार विकासका क्रियाकलापहरुमा युवा जनशक्तिलाई परिचालन गरिने छ।<br>• दक्षता हासिल गरेका युवा जनशक्तिलाई सम्बन्धीत क्षेत्रमा रोजगारी सृजना गरिने छ। |
| जेष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति | • एकिकृत सामाजिक सुरक्षा योजना प्रभावकारी र पारदर्शी बनाइनेछ।<br>• फरक क्षमता भएका नागरिकहरुलाई आवश्यकता अनुसार सहायक सामाग्रीहरु उपलब्ध गराइनेछ।<br>• फरक क्षमता भएका नागरिकहरुको पहिचान गरी जिविकोपार्जनका लागि क्षमता तथा सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>• भिन्न क्षमता भएका व्यक्तिहरुको जिविकोपार्जन सम्बन्धी व्याबसायिक तालिम सञ्चालन गरिने छ।<br>• जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई रुपान्तरित रुपमा सञ्चालन गरिने छ।<br>• ६५ वर्ष नाघेका गाँउपालिकाका जेष्ठ नागरिकहरुलाई गाँउपालिकाले परिचय पत्र वितरणलाई निरन्तरता दिईने छ।<br>• ज्येष्ठ नागरिकहरुलाई उपचारको लागि जिल्ला बाहिर लानु परेमा आवतजावत( सार्वजनिक बस भाडा) खर्चको सहयोग गर्ने नीति लिईएने छ। |
| खानेपानी जलविधुत तथा बैकल्पिक उर्जा | • यस गाँउपालिका क्षेत्रभित्र रहेका नदीनाला र ताल तलैयाहरुको उपयोग मार्फत सम्भावित जलविद्युत शक्तिको लेखाजोखा गर्न एकिकृत जल उपयोग तथा सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी गाउँपालिकाले आफ्नै पहलमा जलविधुत आयोजना निर्माण गर्ने नीति लिइने छ।<br>• यहि वर्ष भित्र गाउँपालिकाको सम्पूर्ण वस्तिमा विजुली वत्ती वाली अध्यारोमुक्त गाउँपालिका घोषणा गरिने छ। |

| | |
|---|---|
| | • जलजलेमा कृतिम तालको डि.पि.आर भइसकेकाले सौन्दर्यकरणमा तिब्रता दिइनेछ ।<br>• खानेपानीका मुहानहरु संरक्षण गरिने छ । मुहान नभएको तर पानीको अत्यावश्यक भएको ठाउँहरुमा लिफ्टिङ, पम्पीङ सिष्टम मार्फत खानेपानीको व्यवस्था मिलाइने नीति लिइएको छ ।<br>• बहुमुल्य खानीको संरक्षण गर्दै ढुङगा, गिटि, बालुवा लगाएतको निकासीमाआवश्यकता पहिचान गरि अनुमति दिईने व्यावस्था मिलाईने छ । |
| सामाजिक सेवा तथा समावेशी प्रबर्द्धन | • गाउॅपालिका भित्रका युवा, महिला, दलित, फरक क्षमता भएका समुदायहरुलाई लक्षित गरी सीपमुलक तालिम तथा उद्यमशीलताको विकास गरी आत्मनिर्भरका कार्यक्रमहरु संचालन गरिने छ ।<br>• ६५ वर्ष नाघेका गाँउपालिकाका जेष्ठ नागरिकलाई निशुल्क यातायात सुबिधा कार्यलाई थप गरी गाउँपालिका देखि गाइघाट - दिक्तेल सम्म सुविधा दिने कार्यलाई निरन्तरता दिइने छ ।<br>• जनताको अधिकारका निमित शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्मानमा शहीद स्मृति पार्क निर्माण र अन्य रचनात्मक कार्यहरु संचालन गर्ने नीति लाई निरन्तरता दिइने छ ।<br>• दलित र अल्पसंख्यक समुदायका व्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>• दलित सहकारीहरुलाई व्यवस्थीत गर्दै लगिने छ ।<br>• अति विपन्न परिवारलाई मृत्यु पर्यन्त गरिने सदगदका लागि आवश्यकता हेरी आर्थिक सहायता गरिनेछ । |
| अभिलेख व्यवस्थापन | • अभिलेख व्यवस्थापन विधेयकलाई कार्यन्वयनमा ल्याईने छ ।<br>• जग्गा जमिनको बर्गिकरण, सार्वजनिक जमिन, वन क्षेत्र, खोला र मैदानको बिवरण तयार गरिने छ ।<br>• गाउँपालिकाको घरधुरि, जातजाति, परिवार, बेरोजगार आदिको तथ्याङक संकलन गरिने छ ।<br>• पुरातात्वयीक सम्पदाहरुको खोज तथा अभिलेखन गरिने छ ।<br>• स्थानिय भाषा, संस्कृति र ललितकलाको संरक्षण वा विकास गरिने छ ।<br>• सार्वजनिक सम्पतिको संरक्षणका लागि तथ्याङक संकलन गरि अभिलेख व्यवस्थापन गरिने छ ।<br>• ईलेक्ट्रोनिक र फाईलिङ दुबै प्रकारको अभिलेख व्यवस्थापन गरिने छ । |

| | |
|---|---|
| | • अभिलेख व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ । |
| विपद् व्यवस्थापन | • गाउँपालिकामा एक विपद् व्यवस्थापन कोषको स्थापना गरिने छ ।<br>• विश्वमा फैलिरहेको कोरोना भाईरसको महामारीलाई ध्यानमा राखि गाउँपालिकामा एक कोरोना कोषको स्थापना गरिने छ ।<br>• पुर्वाधार विकास क्रियाकलाप सञ्चालन गर्दा विपद् जोखिम संवेदनशिलतालाई केन्द्रमा राखि सञ्चालन गरिने छ ।<br>• विपद्को रोकथाम तथा न्युनिकरणको लागि पुर्वतयारी, प्रतिकार्य र पुनलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् व्यावस्थापन कोषको लागि आवश्यक वजेट विनियोजन गरिने छ ।<br>• जुनसुकै बेला विपद् आई पर्न सक्ने भएकाले खाद्यन्न, विपद् प्रतिकार्य सामाग्रीको आवश्यक प्रबन्ध मिलाईने छ ।<br>• भुकम्प प्रतिरोधि घर निर्माणमा जोड दिईने छ ।<br>• युवालाई विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था मिलाईने छ । |
| सूचना तथा संचार | • नागरिकहरुलाई सूचना तथा संचारको पहुँच पुऱ्याउन गाउँपालिका क्षेत्र भित्र रहेको मुख्य बजारहरुमा फ्रि वाइफाई जोन शुरु गरिनेछ ।<br>• नमुना मा.वि.मा रहेको ICT कार्यक्रमलाई व्यवस्थापन तथा नियमित अनुगमन गरिने छ ।<br>• एफ.एम.रेडियो संञ्चालनका लागि अनुमति दिईने व्यवस्था मिलाईने छ ।<br>• सफ्टवयरको विकास तथा कागजरहित गाउँपालिका बनाउन आवश्यक बजेट व्यवस्था गर्दै लगिने छ । |
| साहित्य /संगित | • गाउँपालिका भित्र रहेका साहित्यिक संग्रहहरुको संरक्षण तथा साहित्यकारको प्रोत्साहन गरिने छ ।<br>• गित, संगित तथा साहित्यको खोजिका लागि विभिन्न कार्यक्रम संचालन गरिने छ ।<br>• गाँउपालिकाको संगीत कर्मी उत्पादन गर्नका लागी  पालिका ताराको खोजी कार्यलाई निरन्तरता दिइने छ  । |
| कानून तथा न्याय सम्पादन | • नेपालको संविधानको अनुसुचि ८ र ९ मा व्यावस्था भएका अधिकारहरुमा नेपालको संविधानका धारा २२६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४अनुसार देहाय बमोजिमका नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि विभिन्न कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधिहरु तर्जुमा गरी लागु |

| | |
|---|---|
| | गरिनेछ ।<br>***ऐन***<br>१. गाउँपालिकाको विनियोजन ऐन, २०७४<br>२. गाउँपालिकाको आर्थिक ऐन, २०७४<br>३. प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४<br>४. गाउँपालिकाको विनियोजन ऐन, २०७५<br>५. स्थानीय तहको आर्थिक ऐन, २०७५<br>६. दिप्रुङ चुईचुम्मा स्थानीय स्वास्थ्य ऐन, २०७५<br>७. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन<br>८. गाउँपालिकाको विनियोजन ऐन, २०७६<br>९. दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक ऐन, २०७६<br>१०. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको शिक्षा ऐन, २०७७<br>११. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको कृषि विकास ऐन, २०७७<br>१२. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको गाउँपालिका प्रहरी ऐन, २०७७<br>१३. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको कृषि विकास ऐन, २०७७<br>१४. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको पुर्वाधार विकास व्यवस्थापन सम्बन्धी ऐन, २०७७<br>१५. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको औद्योगिक व्यवसाय ऐन, २०७७<br>१६. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको तथ्याङक अभिलेख व्यवस्थापन ऐन, २०७७<br>१७. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको सस्था दर्ता ऐन, २०७७<br>१८. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७<br>१९. एफ.एम. सञ्चालन गर्न बनेको ऐन, २०७७<br>२०. दिप्रुङ चुइचुम्मा गाउँपालिकाको विनिजोजन ऐन, २०७७<br>२१. दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक ऐन, २०७७<br>**नियमावली**<br>१. गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४<br>२. गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ |

३. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४

४. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको शिक्षा नियमावली, २०७४

५. आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको नियमावली, २०७५

६. दिप्रुङ चुईचुम्मा गाउँपालिकाको शिक्षा नियमावली २०७४ लाई संसोधन गर्न बनेको नियमावली, २०७५

७. स्थानीय कर्मचारी सेवा नियमावली

८. उद्यम तथा स्वरोजगार प्रवर्द्धन कोष नियमावली

९. स्वास्थ्य चौकी व्यवस्थापन नियमावली

## कार्यविधि

१. दिप्रुङ चुईचुम्मा गाउँपालिका सभा सञ्चालन कार्यविधि, २०७४

२. गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४

३. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

४. स्थानीय तहको उपभोत्ता समिति गठन परिचानल तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४

५. घ वर्गको निर्माण व्यावसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि

६. गाउँपालिकाको आर्थिक कार्यविधि, २०७४

७. अपाङगता भएका व्यक्तिको परिचय पत्र तिरण कार्यविधि, २०७५

८. दिप्रुङ चुईचुम्मा गाउँपालिकाका कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

९. स्थानिय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि

१०. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

११. विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७६

१२. कोरोना भाईरस संकमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७७

१३. कृषि उत्पादन प्रोत्साहन मूल्य सहायता कोष कार्यविधि

| | |
|---|---|
| | १४. दिप्रुङ चुइचुम्मा गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७<br>१५. बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७६<br>१६. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८<br><br>**निर्देशिका**<br>१. कर्मचारी प्रोत्साहन भत्ता निर्देशिका, २०७६<br>२. व्यवसाय दर्ता निर्देशिका<br>**मापदण्ड**<br>१. राहत वितरण सम्बन्धी मापदण्ड २०७६ कोराना भाईरस ( कोभिड १९) |